दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १८३ | बुटवल | २०८३ असार २४ गते, बुधवार | नेपाल संवत ११४६ | Wednesday July 08, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# कस्तो आयो मौद्रिक नीति ?

आर्थिक वर्ष २०८३/०८४ मा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने सरकारको लक्ष्य छ। तर यो लक्ष्य पूरा हुने सम्भावना निकै कमजोर छ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेको छ। सार्वजनिक मौद्रिक नीतिले कर्जाको सहजीकरणका लागि विभिन्न लचिलो व्यवस्था गरेको छ।

कर्जाको सुरक्षणस्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउन, चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्न विशेष नीतिगत व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ।

त्यस्तै रुग्ण उद्योगमा रहेका निष्क्रिय कर्जाको व्यवस्थापन गर्न, दबाबमा रहेका कर्जाको पुनरुत्थान गर्न, संस्थाको सबलताका आधारमा सेयर धितो कर्जा सीमा निर्धारण हुने एवम् सार्वजनिक सवारीका रूपमा प्रयोग हुने ठूला विद्युतीय सवारीसाधनको कर्जा-मूल्य अनुपात सहजीकरण हुने गरी विशेष नीतिगत व्यवस्था गरिनेछ उल्लेख गरिएको छ।

मौद्रिक नीतिले निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११ प्रतिशतले बढाउने लक्ष्य लिएको छ। त्यस्तै मुद्रास्फीति दर ५.५ प्रतिशत भित्र राख्ने लक्ष्य लिएको छ।

मौद्रिक नीतिको लचिलो कार्यदिशालाई आगामी आर्थिक वर्षका लागि पनि निरन्तरता दिएको गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले बताए।

मौद्रिक नीतिले बैंक दर, नीतिगत दर, निक्षेप संकलन दर, अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात हालकोलाई नै निरन्तरता दिएको गभर्नर पौडेलले बताए। समग्र मौद्रिक स्थायित्व कायम गर्ने उद्देश्यसहित आगामी आवको मौद्रिक नीति ल्याएको उनले बताएका हुन्।

'बैंक तथा वित्तीय संस्थाको सस्थागत सुधार गर्दै उनीहरुको पुँजी परिचालनको लागि खर्च कम गर्ने र यसबाट हुने बचत ऋण लिन चाहनेहरुमा सहज रुपमा हस्तान्तरण हुने व्यवस्था मौद्रिक नीतिमा प्रस्ताव गरिएको छ।'-गभर्नर पौडेलले मौद्रिक नीति सार्वजनिक गर्दै भने।

बैंक तथा वित्तीय संस्थाहरुको शाखाहरु खोल्ने तथा बन्द गर्ने प्रक्रियामा लचकता दिने नीति पनि मौद्रिक नीतिमा आएको छ।

त्यसैगरी, वित्तीय सेवामा डिजिटलाइजेशनमा जान प्रोत्साहन दिने जस्ता संस्थाहरुको खर्च कटौतीका माध्यम मौद्रिक नीतिमा अघि सारिएको गभर्नर पौडेलले बताएका छन्। मौद्रिक क्षेत्रको तरलता र ब्याजदरले अर्थतन्त्र विस्तारमा सघाउ पुग्ने तथा वित्त नीतिले सार्वजनिक खर्च र आयकर कटौती जस्ता कार्यक्रम प्रस्ताव गरेको छ। विप्रेषण र पर्यटन आयबाट थप तरलता प्रवाह हुँदा तरलता व्यवस्थापनमा चुनौती कायमै छ।

उच्च विप्रेषण र सेवा निर्यातका कारण चालु खाता र शोधनान्तर बचतमा रही विदेशी विनिमय सञ्चिति अझै बढ्ने अनुमान गरिएको छ। बाह्य दबाबका कारण मुद्रास्फीतिमा केही चाप परे पनि विदेशी विनिमय सञ्चिति सुविधाजनक रहेको छ। उच्च आर्थिक वृद्धिलाई सहयोग पुर्याउन न्यून लागत अर्थतन्त्र कायम गरी निजी क्षेत्रको मनोबल उच्च राख्न यसअघि लिइएको सजगतापूर्वक लचिलो कार्यदिशालाई नै निरन्तरता दिइएको छ।

नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको स्थिर विनिमय दरलाई अन्तरिम लक्ष्यको रुपमा यथावत् राखिएको भएको छ भने औसत अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम गर्न खुला बजार कारोबार सञ्चालन हुने भएको छ।

ब्याजदर करिडोरअन्तर्गतका नीतिगत दर, स्थायी निक्षेप सुविधा दर, बैंकदर, अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात र स्थायी तरलता सुविधासम्बन्धी व्यवस्थामा निरन्तरता दिइएको छ। विदेशी मुद्रा खरिदमार्फत् हुने तरलता प्रवाह सहज बनाउन वाणिज्य बैंकहरुलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गर्ने र विदेशी मुद्रा खरिदकै अवस्थामा स्टेरलाईज्ड इन्टरभेन्सन गर्ने नीतिगत व्यवस्था गरिने भएको छ।

दबाबमा रहेका कर्जा पुनरुत्थान गर्ने, क्षमताका आधारमा शेयर धितो कर्जा सीमा निर्धारण गर्ने र ठूला विद्युतीय सार्वजनिक सवारीसाधनको कर्जा मूल्य अनुपात सहजीकरण गर्ने विशेष नीति ल्याइएको छ।

व्यक्तिगत क्रेडिट स्कोरिङ प्रणालीमा आधारित पियर टु पियर लेनदेन सञ्चालनका बारेमा अध्ययन तथा सरकारका शासकीय सुधारका कार्यसूची र बजेट वक्तव्यका कार्यक्रमहरू समन्वयमा कार्यान्वयन मौन्द्रिक नीतिमार्फत् हुनेछ।

मौद्रिक नीतिमा भनिएको छ-'ब्याजदर करिडोरअन्तर्गतका नीतिगत दर, स्थायी निक्षेप सुविधा दर एवम् बैंकदरलाई यथावत् राखिएको छ।'

त्यसैगरी वैधानिक तरलता अनुपात एवम् स्थायी तरलता सुविधासम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको मौद्रिक नीतिमा उल्लेख छ।

विदेशी मुद्रा खरिदमार्फत् हुने तरलता प्रवाह व्यवस्थापनलाई सहज बनाउन वाणिज्य बैंकहरूलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गर्ने र विदेशी मुद्रा खरिदकै बखत स्टेरलाइज्ड इन्टरभेन्सन गर्ने नीतिगत व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ।

## फागुन २१ को चुनाव हालसम्मकै वर्ष खर्चिलो

बुटवल। गत वर्ष फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा साढे १९ अर्ब रुपैयाँभन्दा बढी खर्च भएको छ। अर्थ मन्त्रालयका अनुसार निर्वाचन सम्पन्न गर्न राज्य कोषबाट १९ अर्ब ६४ करोड ४४ लाख ३९ हजार रुपैयाँ खर्च भएको हो।

निर्वाचनको खर्च रकमान्तर र विभिन्न राष्ट्र तथा निकायको सहयोगबाट जुटाइएको मन्त्रालयले जनाएको छ। निर्वाचन आयोग, रक्षा मन्त्रालय, गृह मन्त्रालय तथा अन्तर्गतका निकायहरूमार्फत उक्त रकम खर्च भएको हो।

अर्थ मन्त्रालयका अनुसार गृह मन्त्रालय तथा सोअन्तर्गका निकायहरूमा चुनावका लागि सबैभन्दा बढी रकम खर्च भएको हो। गृह मन्त्रालय तथा अन्तर्गतका निकायहरूले निर्वाचन प्रयोजनका लागि १० अर्ब ९९ करोड १३ लाख १८ हजार रुपैयाँ खर्च गरेका छन्। जसअन्तर्गत गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयहरूले १७ करोड ६२ लाख ९ हजार रुपैयाँ, नेपाल प्रहरी र अन्तर्गत निकायहरूले ८ अर्ब ७८ करोड ३३ लाख ५० हजार रुपैयाँ, सशस्त्र प्रहरी बल र अन्तर्गत निकायहरूले १ अर्ब ९७ करोड ३१ लाख ९४ हजार रुपैयाँ तथा राष्ट्रिय अनुसन्धान विभागले ५ करोड ८५ लाख ६५ लाख रुपैयाँ खर्च गरेको अर्थ मन्त्रालयले उपलब्ध गराएको तथ्यांकमा छ।

यस्तै निर्वाचन आयोग र निर्वाचन कार्यालयहरूले ६ अर्ब ७० करोड ६२ लाख ६६ हजार रुपैयाँ र रक्षा मन्त्रालयमार्फत् जंगी अड्डा र अन्तर्गत निकायहरूले १ अर्ब ९४ करोड ६८ लाख ५५ लाख रुपैयाँ खर्च गरेका छन्। यो पटकको चुनाव विगतका निर्वाचनभन्दा खर्चिलो भएको हो। २०७९ को प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा १६ अर्ब ७३ करोड रुपैयाँ खर्च भएको थियो। जसअन्तर्गत गृह मन्त्रालयले ८ अर्ब ७० करोड रुपैयाँ, निर्वाचन आयोगले ६ अर्ब ८१ करोड र रक्षा मन्त्रालयले ९७ करोड रुपैयाँ खर्च गरेका थिए।

२०७९ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तुलनामा गत फागुनमा सम्पन्न निर्वाचनमा २ अर्ब ९१ करोड रुपैयाँ बढी खर्च भएको हो। जेनजी आन्दोलनलगत्तै निर्वाचन गर्नुपरेको र प्रहरीबाट लुटिएको हतियारहरू बाहिर रहेकाले सुरक्षित रुपमा निर्वाचन सम्पन्न गर्दा विगतको तुलनामा खर्च बढ्न गएको अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले बताए।

'नियमितभन्दा पनि विशेष परिस्थितिका कारण निर्वाचन हुन गएको थियो। भदौ २३ र २४ को घटनापछि शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गराउनुपर्ने दायित्व थियो। सोहीअनुसार सुरक्षित रुपमा निर्वाचन गराउन सुरक्षामा बजेट बढ्दा खर्च बढ्न पुगेको हो।'-लम्सालले भने।

साथै फागुन निर्वाचनका लागि उपयुक्त समय नभएकाले हवाइमार्गबाट पनि निर्वाचन क्षेत्रमा निर्वाचन सामग्री ढुवानी गर्नुपर्ने भएकाले खर्च वृद्धि हुनपुगेको उनको भनाइ छ।

यो पटक अघिल्लो निर्वाचनभन्दा करिब ३५ हजार बढी निर्वाचन प्रहरी परिचालन गरिएको थियो। २०७९ को निर्वाचनमा नेपाल प्रहरीले १ लाख १५ हजार निर्वाचन प्रहरी परिचालन गरेका थिए भने सशस्त्रले निर्वाचन प्रहरी भर्ना लिएका थिएनन्। तर यो पटक सशस्त्रले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो भने नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० जना निर्वाचन प्रहरी भर्ना लिएका थिए। जेनजी आन्दोलनका क्रममा भएको हिंसात्मक गतिविधिसँगै प्रहरीबाट लुटिएका हतियार/गोलीगट्ठा, जेलबाट भागेका कैदी बाहिरै रहेको अवस्थामा निर्वाचन गर्नुपर्ने बाध्यात्मक अवस्था थियो। साथै राजनीतिक दल, सर्वसाधारण, सरकार सबैको चिन्ता सुरक्षित रुपमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने अन्योल थियो।

यस्तो निर्वाचन प्रहरीको बढ्दो संख्या र सुरक्षा प्रवर्द्धन मिलाउन पनि यो पटक अघिल्लो निर्वाचनको तुलनामा खर्च बढेको हो।

यो पटक विगतको तुलनामा अतिसंवेदनशीलका साथै मतदान केन्द्र थप पनि भएको थियो। कुल १० हजार ९६७ केन्द्रबाट मतदान भएको थियो। २०७९ को निर्वाचनमा १० हजार ७९९ वटा मतदान केन्द्र रहेको थियो। यसअघि भन्दा १६८ मतदान स्थल थप गरिएको थियो। जसका कारण पनि निर्वाचन प्रहरीको संख्या बढाउन परेको र यसले पनि अतिरिक्त खर्च सिर्जना गरेको प्रवक्ता लम्सालले बताए।

निर्वाचनको दौरान पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा सेनाले सुरक्षाको व्यवस्था गरेको थियो।

**भारतको वस्तुगत तथा चीन र जापानको नगद सहयोग**

गत फागुनका निर्वाचनका लागि सरकारले विभिन्न राष्ट्र तथा निकायबाट पनि सहयोग लिएको छ।

» *बाँकी ३ पेजमा*

## एसईई पूरक परीक्षामा ६४.६८ प्रतिशत उत्तीर्ण




बुटवल। राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को पूरक अर्थात् ग्रेडवृद्धि परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्।

बोर्डले मंगलबार पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको जानकारी दिँदै परीक्षामा ८३ हजार ५२३ जनाअर्थात् ६४.६८ प्रतिशत छात्रछात्रा उत्तीर्ण भएका परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए।

यही असार १ गतेदेखि ९ गतेसम्म सञ्चालन भएको पूरक परीक्षामा सहभागी हुन एक लाख ४६ हजार ५०७ परीक्षार्थीले आवेदन दिएकामा एक लाख २९ हजार ११४ जना परीक्षार्थी मात्रै सहभागी भएको उनले बताए।

परीक्षार्थीले राष्ट्रिय परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट, एसएमएस, युएसएसडी तथा आइभीआर सेवामार्फत् नतिजा हेर्न सक्ने उनले जानकारी दिए।

नतिजा हेर्न सिम्बोल नम्बर र जन्ममिति प्रयोग गरी ग्रेडसिट डाउनलोड गर्ने व्यवस्था पनि गरिएको छ।

परीक्षार्थीको नतिजाप्रति चित्त नबुझेका परीक्षार्थीले असार २५ गतेदेखि ३१ गतेसम्म अनलाइनमार्फत् पुनर्योग, उत्तरपुस्तिका अवलोकन तथा पुनः परीक्षणका लागि आवेदन दिन सक्ने उनले जानकारी दिए।

## 'सुस्तामा आठ सयजना नेपाली नागरिकताविहीन'



बुटवल। पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकाका करिब ८ सय जना नेपाली नागरिकताविहीन भएको स्थानीयले बताएका छन्। लामो समयदेखि स्वदेशमै बसेर पनि नागरिकताविहीन भएका सुस्ताका बासिन्दाहरू नागरिकता र लालपूर्जा माग्दै काठमाडौं केन्द्रित आन्दोलनमा गएका थिए। नागरिकता र लालपुर्जा उपलब्ध गराउनुपर्ने तथा सीमा अतिक्रमण रोक्न सरकारको ध्यानाकर्षण गराउन काठमाडौं पुगेका उनीहरू प्रधानमन्त्रीलाई भेटेर आफ्ना माग सुनाउने भन्दै गएका थिए। तर प्रधानमन्त्रीले भेट नदिएपछि गृहमन्त्री सुदन गुरुङलाई भेटेर आफ्ना माग सुनाएर गाउँ फर्किएका छन्। 'सुस्ता बचाउ अभियान'का अनुसार अहिले सुस्तामा उमेर पुगेका ८ सय स्थानीय नेपाली नागरिकताबाट वञ्चित छन्। नागरिकता नभएकै कारण राज्यबाट पाउने सेवा-सुविधाबाट वञ्चित हुनुपरेको उनीहरूको गुनासो छ। काठमाडौंबाट गाउँ फर्किएलगत्तै गृह मन्त्रालयको निर्देशन कार्यान्वयनका विषयमा सोमबार जिल्ला प्रशासन कार्यालयमा छलफल भएको छ।

सुस्ता बचाउ आन्दोलनका प्रवक्ता रवीन्द्र जैसवालले सुस्ताको मुख्य समस्या नागरिकताकै भएको बताए। अहिले पनि ८ सय जनाले नागरिकता नपाएको उनले बताए। पहिलो चरणमा प्रशासनले सुस्तामा नागरिकता नपाएकाहरूको लगत निकाल्ने र साउनको सुरुदेखि नै यसको काम सुरु हुने सूचना पाएको उनले बताए।

जैसवालका अनुसार गृहको परिपत्रअनुसार अब वडा, पालिका, जिल्ला प्रशासन र सुरक्षा निकायका प्रतिनिधि बसेर स्थानीयको वास्तविक तथ्याङ्क निकाल्ने सहमति भएको छ। सोमबारको छलफलमा नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाल, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका जिल्ला प्रमुखहरूको सहभागिता थियो। गृह मन्त्रालयको निर्देशनअनुसार सीमा सुरक्षा सुदृढ गर्ने तथा नागरिकता वितरण प्रक्रियालाई तीव्रता दिने विषयमा छलफल भएको सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले जानकारी दिए।

सोमबार आन्दोलनका संयोजक बाबु खाँको नेतृत्वमा १२ सदस्यीय कार्यदल जिल्ला प्रशासन कार्यालय पुगेको थियो। प्रशासनसँगको छलफलपछि उक्त टोली गाउँपालिकामा पनि पुगेको थियो। त्यहाँ वडाबाट दुई जना कर्मचारी, सशस्त्र प्रहरीका एक र नेपाल प्रहरीका एक प्रतिनिधि सम्मिलित टोली गठन गरी नागरिकताविहीनको विवरण सङ्कलन गर्ने सहमति भएको संयोजक बाबु खाँले बताए।

प्रमुख जिल्ला अधिकारीले सुस्ता क्षेत्रमा सुरक्षा जनशक्ति थपिएको र आवश्यकताअनुसार गस्ती बढाइने जानकारी दिएका छन्।

» *बाँकी ३ पेजमा*

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरुलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत

टेकराज न्यौपाने
अध्यक्ष

पाणिनि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दुर्गाफाँट अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# ऋणको भार

नेपालको सार्वजनिक ऋण पछिल्ला वर्षमा यसको वृद्धिदर भने तीव्र छ। एक दशकमा सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको २३ प्रतिशतबाट बढेर दोब्बर पुगेको छ। हरेक वर्ष सरकारले पुरानो ऋणको सावाँ ब्याज भुक्तानी गर्न नयाँ ऋण लिइरहेको छ। आगामी आर्थिक वर्ष ६ खर्ब ५७ अर्ब रुपैयाँ नयाँ ऋण लिंदै छ भने पुरानो ऋणको सावाँ ब्याज भुक्तानीमा मात्रै चार खर्ब १८ अर्ब रुपैयाँ खर्च हुँदैछ। ऋणको मात्रा बढ्दा सरकारले विकास परियोजनाहरूमा खर्च गर्ने सामर्थ्य घट्छ। राजस्व आम्दानी नबढ्दा सरकारको विकासका लागि खर्च गर्ने क्षमता कमजोर हुन्छ। अहिले नै वार्षिक राजस्वको करीब ३० प्रतिशत रकम ऋणको सावाँ ब्याज तिर्न प्रयोग भइरहेको छ।

आउँदा वर्षहरूमा पनि खर्च र आम्दानीबिचको खाडल बढ्दै जाने अनुमान गरिएकोले सार्वजनिक ऋण पनि बढ्दै नै जोखिम बढेको छ। कुल गार्हस्थ्य उत्पादनको तुलनामा ऋणको अनुपात घटाउन सरकारसँग सीमित विकल्प छन्। कुल गार्हस्थ्य उत्पादनलाई बढाएर ऋण घटाउन सकिन्छ, तर विगतको अवस्थाले सहज देखिंदैन। विगत तीन दशकको औसत वार्षिक आर्थिक वृद्धिदर करीब ४ प्रतिशत हाराहारी भएकाले भविष्यमा आर्थिक वृद्धिले छलाङ मार्ने सम्भावना न्यून छ। तीन वर्षअघि नेपालको वैदेशिक ऋण बढेर समस्या ल्याउने बताउने अर्थमन्त्री स्वर्णिम वाग्ले स्वयंले बनाएको बजेटमा भने थप ६ खर्ब ५७ अर्ब रुपैयाँ ऋण उठाउने प्रस्ताव गरिएको छ। अर्थमन्त्री भएपछि उनको बोली फेरिएको छ,–ऋणबाट आत्तिइहाल्नुपर्ने छैन। सरकारमा हुँदा एउटा नहुँदा अर्को बोलीकै कारण राजनैतिक नेतृत्व जनतामाझ अविश्वसनीय भएको पाइन्छ।

सरकारले देशभित्रबाट र देशबाहिर विश्व ब्यांक, एशियाली विकास ब्यांकजस्ता संस्थाहरूबाट ऋण लिन्छ। सरकारको अहिले ऋणभारको करीब आधा जति हिस्सा देशभित्रको र आधा जति देश बाहिरको छ। अहिलेको समयमा ऋण काढ्न सजिलो भएका कारण पछिल्ला वर्षहरूमा सरकारले लिएको ऋणको परिमाण र अनुपात दुवै तीव्र गतिमा बढेको छ। एक दशकअघि २०७३ असारमा नेपालको सार्वजनिक ऋण ६ खर्ब २३ अर्ब रुपैयाँ जति थियो। चार वर्षभित्रै यो ऋण दोब्बर भयो। गत जेठ मसान्तसम्ममा आइपुग्दा सार्वजनिक ऋण बढेर २९ खर्ब ६१ अर्ब नाघेको छ। अर्थात्, एक दशकमा सार्वजनिक ऋण झण्डै पौने पाँच गुणा जति बढेको छ। २०७२ को भूकम्पपछिको पुनर्निर्माण, कोभिड महामारीपछिको पुनर्स्थापना एवं संघीयतापश्चात् प्रदेश र स्थानीय तहमार्फत् भएको खर्चका कारण ऋणभार बढेको छ, तर सो अनुपातमा राजस्व नबढेपछि ऋण बढाउनुपर्ने बाध्यता देखिन्छ।

पछिल्ला वर्षहरूको वित्तीय हिसाबकिताब केलाउँदा सरकारको आम्दानी र खर्चको खाडल बढिरहेको देखिन्छ, जसले गर्दा सरकारले हरेक वर्ष ऋण थपेको छ। जस्तै, आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा आम्दानीभन्दा खर्च साढे ६ खर्ब रुपैयाँ धेरै हुने भएपछि अर्थमन्त्री वाग्लेले सो रकम ऋण काढेर जुटाउँदै छन्। त्यसभन्दा पनि महत्त्वपूर्ण चाहिं पुरानो ऋणको किस्ता र ब्याज तिर्नमा बजेटको ठूलो हिस्सा खर्च भइरहेको छ। आगामी वर्ष बजेटको पाँच भागको एक भाग अर्थात् २१ खर्ब २४ अर्ब रुपैयाँ बजेटमध्ये ४ खर्ब १८ अर्ब रुपैयाँ पुरानो ऋणको किस्ता र ब्याज तिर्नमा मात्रै खर्च हुनेछ। यसको अर्थ सरकारले वर्षभरिका लागि छुट्याउने विकास लक्षित पुँजीगत बजेटकै हाराहारी रकम ऋणको किस्ता र ब्याजमा खर्च हुन थालेको छ। आगामी वर्ष सरकारले विकास लक्षित पुँजीगत कामका लागि ४ खर्ब ३१ अर्ब रुपैयाँ छुट्याएको छ। अमेरिकी डलरको मूल्य बढेका कारण पनि सरकारको ऋणको किस्ता रकम बढिरहेको छ।

सार्वजनिक ऋण नियन्त्रण गर्दै जोखिमको आँकलन गर्दै अघि बढ्न आवश्यक छ। बढ्दो सार्वजनिक ऋणले मुलुकको अवस्था थला पर्न थालेकोले ऋण किन र के का लागि भन्ने प्रष्ट हुनुपर्छ। सत्तामा बस्नेहरुले मनपरी स्वीकृत गरे ऋण लिने प्रवृत्ति घातक छ, अत्यावश्यक भएमात्रै ऋण लिएर सही सदुपयोग गर्न आवश्यक छ।

## सरकारका सय दिन:
# गति छ, गन्तव्य अझै अस्पष्ट



डी.आर. घिमिरे

*सरकारका सय दिन पुग्दासम्म निजी क्षेत्र त्राहिमामको अवस्थामा पुगेको छ। व्यवसायी, उद्योगी, निर्माण व्यवसायी र बैंकरमाथि पक्राउको श्रृंखला चलेको छ। अपराधीलाई कारबाही गर्नु हुँदैन भन्ने होइन। जो दोषी छ, उसमाथि कारबाही हुनुपर्छ। तर, राज्यले कानुनको शासन स्थापित गर्नैपर्छ। कानुनको शासन र पक्राउको तमाशा एउटै कुरा होइनन्। अनुसन्धान, प्रमाण, अभियोजन र न्यायिक प्रक्रिया आफ्नो ठाउँमा छन्। सार्वजनिक अपमान, हतारो गिरफ्तारी, अदालतमा टिक्न नसक्ने मुद्दा, र 'पहिले पक्र, पछि हेरौँला' शैलीमा गरिने कामले सुशासन कायम हुँदैन।*

सरकारले सय दिन पूरा नगर्दै धेरै कुरा गर्नु अनुचित हुन्छ भनेर म केही समय चुप लागेर बसेँ। नयाँ सरकारलाई काम गर्ने समय दिनुपर्छ। त्यसमा पनि सय दिनलाई आधार बनाउनै पर्छ भन्ने मेरो मान्यता हो। अब सरकारले सय दिन पूरा गरेको छ। त्यस अर्थमा सरकारको आलोचना र सुझाव दिनु लेखकीय दायित्व पनि हो भन्ने अर्थमा यसको मूल्यांकन जरुरी छ। मेरो विचारमा सरकारका सय दिनको तस्विर हेर्दा सन्तोषभन्दा बढी संशय पैदा भएको छ।

यसको अर्थ सबै कुरा बेठिक भयो भन्न खोजेको होइन। केही काम सरकारले गर्न खोजेको देखिन्छ। सुशासनका हिसाबले सरकारी अड्डालाई थोरै भए पनि जवाफदेही बनाउन खोजेको छ। पुराना भ्रष्टाचारका फाइल खोल्ने, प्रभावशाली मान्छेमाथि पनि हात हाल्ने संकेत गरेको छ। तर समस्या के हो भने, यो सबै गर्ने शैलीमा अपरिपक्वता छ, धैर्य कम छ, प्रक्रिया र विधिप्रति पर्याप्त सम्मान देखिँदैन।

लोकतन्त्र भनेको नतिजा मात्र होइन, प्रक्रियामुखी व्यवस्था हो। उद्देश्य राम्रो भएर पुग्दैन, त्यसमा पुग्ने बाटो पनि ठीक हुनुपर्छ। हामीले प्रक्रिया खोजेका हुन्छौँ। कानुन, संसद, संस्थागत जिम्मेवारी, जवाफदेहिता, सुनुवाइ, परामर्श। तर सरकारको सय दिन हेर्दा यो लोकतन्त्रको अभ्यास हो कि 'एक्सन' को प्रदर्शन भन्ने प्रश्न उठ्छ।

मलाई लाग्छ, यो सरकारको सबैभन्दा ठूलो समस्या सरकार कहाँबाट सञ्चालित छ भन्ने नै हो। औपचारिक रूपमा प्रधानमन्त्री, मन्त्री, सचिवालय, मन्त्रालय, संवैधानिक निकाय सबै छन्। तर व्यवहार हेर्दा निर्णयको वास्तविक केन्द्र त्यहाँ छैन कि जस्तो लाग्छ। सरकारले मेरिटोक्रेसीका आधारमा नियुक्ति गर्ने भन्यो, तर व्यवहार त्यसअनुसारको देखिएन। योग्यता, अनुभव र संस्थागत प्रक्रियाभन्दा निकटता, प्रभाव र 'कसको मान्छे' भन्ने कुरा बढी महत्वपूर्ण भएको हो कि भन्ने आशंका बढेको छ। प्रायः सैनिक पृष्ठभूमिका व्यक्तिहरूले प्राथमिकता किन पाइरहेका छन् भन्ने प्रश्न पनि सामान्य होइन।

अर्को समस्या पहुँचको हो। सरकारमा पहुँच जनताको मात्र छैन भन्ने होइन, स्वयं रास्वपाका सांसद, नेता, कार्यकर्ताको पनि छैन भन्ने गुनासो व्यापक छ। अहिलेको अवस्था हेर्दा जनता सांसदबाट पीडित छन्, सांसद मन्त्रीबाट पीडित छन्, मन्त्री प्रधानमन्त्रीबाट पीडित छन्।

कतिपय सांसदले मोबाइल उठाउँदैनन् भन्ने गुनासो छ। उनीहरूको पनि आफ्नै समस्या छ। उनीहरूले मन्त्रीलाई सुनाउन खोजे मन्त्रीले फोन उठाउँदैन। कसैगरी मन्त्रीसँग कुरा भयो भने प्रधानमन्त्रीसम्म पहुँच हुँदैन।

केही दिनअघि मेरो अगाडि म काठमाडौंमा थिएँ। रास्वपाकै एक प्रदेशस्तरीय कार्यकर्ताले आफ्नै सांसदमार्फत् शिक्षा मन्त्रीलाई भेट्न खोज्दा पनि मन्त्रीले फोन नउठाएर आफू दिक्क भएको प्रसंग सुनाएका थिए। यो एउटा सानो घटना जस्तो लाग्न सक्छ। तर मलाई लाग्छ, यो अहिलेको सत्ता संरचनाको संकेत हो। आफ्नै पार्टीको कार्यकर्ता र सांसदले मन्त्री भेट्न नसक्ने सरकार जनताप्रति कति पहुँचयोग्य होला ? लोकतन्त्रमा पहुँचको अर्थ चाकडी मात्र होइन, संवादको ढोका खुला हुनु हो। त्यो ढोका अहिले बन्दजस्तै देखिन्छ।

प्रधानमन्त्रीको कार्यशैली पनि यही प्रश्नसँग जोडिन्छ। प्रधानमन्त्री प्रायः उद्घाटन, शिलान्यास वा जनतासँग देखिने कार्यक्रममा कम जानु गलत होइन। यतिसम्म ठीकै मान्न सकिन्छ। तर त्यसपछि उनले पर्याप्त समय दिएर मन्त्री, सांसद, कर्मचारी, सरोकारवाला, पीडित, विज्ञ, जो कोहीलाई भेटेर गुनासा सुन्ने, छलफल गर्ने, निर्णय लिने र आवश्यक उपचार गर्ने अवस्था रहनुपर्थ्यो। त्यो भएको देखिँदैन। बरु सल्लाहकार टिमले सरकार चलाइरहेको अवस्था छ। सल्लाहकार टिममा पनि पहिलो तह र दोस्रो तहका छन् भन्ने सुनिन्छ। उनीहरूले निर्णय गर्छन्, मन्त्रालयले कार्यान्वयन गर्छ। राज्यका औपचारिक निकायभन्दा बाहिरका व्यक्तिहरूले यसरी सम्पूर्ण निर्णय प्रक्रियामा प्रभाव जमाउँदा त्यसले दीर्घकालमा के असर पार्छ ? यो प्रश्न गम्भीर छ।

सरकारले सय दिनका उपलब्धि देखाउन केही कुरा अगाडि सार्न सक्छ। शपथ लिएलगत्तै शासकीय सुधारका शय कार्यसूची सार्वजनिक गरियो। एसईईको नतिजा एक महिनामै निकाल्ने प्रयास भयो। कक्षा १२ को नतिजामा पनि दबाब सिर्जना गरियो। लाइसेन्स वितरणमा केही प्रगति देखियो। केही वर्गमा सरकारप्रति जनविश्वास बढेको पनि देखियो। यी सबैलाई पूर्ण रूपमा अस्वीकार गर्न मिल्दैन। काम गर्न खोजिएको छ भन्ने संकेत यिनले दिन्छन्।

तर संसदप्रति शून्य जवाफदेहिता, सुकुम्वासीमाथि इतिहासकै ठूलो अत्याचार, कूटनीतिक अपरिपक्वता, कूटनीतिक अन्योल, राजनीतिक नियुक्तिमा बोली र व्यवहारको फरक, प्रधानन्यायाधीश नियुक्तिमा देखिएको विवाद, संवैधानिक अंगमाथिको दबाब, सुशासनको नाममा विधि मिच्ने प्रवृत्ति, गृहमन्त्री सुधन गुरूङको छानबिन सार्वजनिक नगरी पुनर्नियुक्ति, मन्त्रालय कटौती, तर निजामती प्रशासनमाथि सल्लाहकारको हाबी, यी सबैले सरकारको छवि गम्भीर रूपमा कमजोर बनाएका छन्।

सरकारको सय दिनमा विम्बहरू धेरै निर्माण भए, तर प्राथमिकता स्पष्ट देखाएन। साझा यातायातका हरिया बसहरूलाई नीलो रंगमा रंग्याउने निर्णय यही प्रवृत्तिका रूपमा लिन सकिन्छ। तर, महिलालाई नीलो रंगका बसमा चढाएर उनीहरु सुरक्षित हुन्छन् भन्ने भ्रम बेकारको हो।

प्रधानमन्त्री बालेन्द्र शाह आजका मितिसम्म निश्चयनै लोकप्रियै हुनुहुन्छ। कलाकार हुनुहुन्छ, र्‍याप गायक हुनुहुन्छ, आफ्नै किसिमको सार्वजनिक शैली भएको व्यक्ति हुनुहुन्छ। झपक्क पालेको दाह्री, आक्रामक संकेत, सामाजिक सञ्जालमा आक्रामक उपस्थितिले उहाँलाई राजनीतिज्ञका रुपमा स्थापित गर्न सकेको छैन। यही कारणले जनतामा उहाँबारे अनेक भ्रम र अपेक्षा पनि छन्। तर लोकतन्त्रमा लोकप्रिय छवि र सफल शासन एउटै कुरा होइन। प्रधानमन्त्रीका रूपमा उहाँको मूल्याङ्कन गीत, शैली, रङ वा विम्बले होइन, प्राथमिकता, निर्णय, प्रक्रिया र परिणामले हुनेछ।

संसदप्रति सरकारको व्यवहार चिन्ताजनक छ। संसदीय पद्धतिमा राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम वाचन गर्ने बेला प्रधानमन्त्री स्वयं उठेर संसदबाट बाहिरिनु सामान्य घटना होइन। त्यो व्यवहारलाई जसरी सामान्यीकरण गरियो, त्यो झन् चिन्ताको विषय हो। यसबाट प्रधानमन्त्रीले संविधानको मर्यादा बुझ्नुहुन्न भनेर मान्न त सकिँदैन। तर किन त्यसो गरियो भन्ने प्रश्न जटिल छ। यो संसदीय संस्कारसँग मेल खाने व्यवहार हैन।

सरकारका सय दिन पुग्दासम्म निजी क्षेत्र त्राहिमामको अवस्थामा पुगेको छ। व्यवसायी, उद्योगी, निर्माण व्यवसायी र बैंकरमाथि पक्राउको श्रृंखला चलेको छ। अपराधीलाई कारबाही गर्नु हुँदैन भन्ने होइन। जो दोषी छ, उसमाथि कारबाही हुनुपर्छ। तर, राज्यले कानुनको शासन स्थापित गर्नैपर्छ। कानुनको शासन र पक्राउको तमाशा एउटै कुरा होइनन्। अनुसन्धान, प्रमाण, अभियोजन र न्यायिक प्रक्रिया आफ्नो ठाउँमा छन्। सार्वजनिक अपमान, हतारो गिरफ्तारी, अदालतमा टिक्न नसक्ने मुद्दा, र 'पहिले पक्र, पछि हेरौँला' शैलीमा गरिने कामले सुशासन कायम हुँदैन।

राज्य अविच्छिन्न उत्तराधिकार हुन्छ। हिजो सबै गलतमात्र भयो, हिजोका मान्छे सबै गलत मात्र हुन् भन्ने भाष्यले निष्कर्षमा पुगिदैन। गलत भनेर हुँदैन, त्यसलाई प्रमाणित पनि गर्नुपर्छ।

सरकारको सामाजिक दृष्टि सुकुम्वासीमाथिको व्यवहारले देखाएको छ। प्रधानमन्त्रीले आफ्नै अग्रसरतामा काठमाडौं उपत्यकाका नदी किनारामा बसोबास गरिरहेका सुकुम्वासी हटाए पनि तिनको पुनर्वासको टुंगो लागेको छैन। सुकुम्वासी समस्या नेपालको लामो सामाजिक-आर्थिक इतिहाससँग जोडिएको विषय हो। त्यसको समाधान नीति, तथ्य, संवाद, पुनर्वास र मानवीय संवेदनशीलताबाट खोजिनुपर्छ। डोजर राज्यको भाषा बन्नु हुँदैन थियो।

सरकार गठन भएको भोलिपल्टै प्रमुख प्रतिपक्षी दलका शीर्ष नेतालाई पक्राउ गरेर मुद्दा दर्ता नै गर्न नसक्नु शक्ति प्रदर्शन थियो कि कानुनी प्रक्रिया ? गृहमन्त्री सुधन गुरूङको वरीयता विवाद, सम्पत्ति विवरण र सेयर साझेदारीको प्रश्न। के यस्ता प्रश्नबारे जवाफ दिनु पर्दैन। यी सबैले सरकारको नैतिकता र पारदर्शितामाथि प्रश्न उठाएका छन्। संसदमा प्रधानमन्त्रीको असामान्य व्यवहार, बजेट र बीवाईडी विवादमा अर्थमन्त्रीको मानमर्दन हुने गरी गरिएको हस्तक्षेप, पासपोर्ट ठेक्का प्रकरणमा प्रधानमन्त्री सचिवालयकै योजनाबद्ध दबाबको आरोप। यी सबै घटनाले सरकारभित्र संस्थागत समन्वय कमजोर रहेको, शक्ति केन्द्र अनेक रहेको र निर्णय प्रक्रिया अस्वस्थ रहेको संकेत गर्छन्। प्रधानमन्त्रीबारे जनताले धेरै भ्रम पालेका छन्। भ्रमले कैयौं पटक बाँच्ने शक्ति दिन सक्ला। तर, प्रधानमन्त्रीलाई भ्रमकै सिंहासनमा राखेर यथार्थबाट मुक्त गर्न मिल्दैन। प्रधानमन्त्रीका रूपमा उहाँको मूल्याङ्कन अब भ्रमले होइन, निर्णयले हुनेछ।

मलाई लाग्छ, प्रधानमन्त्रीको समस्या कामको प्राथमिकता स्पष्ट नहुनु हो। उहाँ अदृश्य शक्तिबाट दबाब र प्रभावमा हुनुहुन्छ। 'अरूले गर्न सकेनन्, मैले गर्न सक्छु' भन्ने आत्मविश्वासबाट प्राप्त सत्ता चलाउन दृष्टि, विधि, धैर्य र संस्थाप्रतिको सम्मान चाहिन्छ।

फेरि पनि प्रधानमन्त्रीले नेपाली जनताको प्रधानमन्त्रीका रूपमा सबैसँग साक्षात्कार गर्नुपर्छ। आफ्ना वरिपरि को छन्, कसका लागि निर्णय भइरहेको छ, किन संसदसँग दूरी बढेको छ, किन निजी क्षेत्र आतंकित छ, किन सुकुम्वासीमाथि डोजर चल्छ, तर पुनर्वास हुँदैन, किन मन्त्री र सांसद प्रधानमन्त्रीसम्म पुग्न सक्दैनन्, किन सुशासनको नाममा प्रक्रिया कमजोर पारिन्छ ? यी सबै प्रश्नसँग उहाँले आँखामा आँखा जुधाएर सामना गर्नुपर्छ।

सय दिनको मूल्यांकन गनुपर्दा यो सरकारलाई पूर्ण असफल भनिहाल्ने बेला भएको छैन। तर सन्तोषजनक सरकार पनि भन्न सकिँदैन। यसमा गति छ, जाँगर छ, पुराना ढर्रा तोड्ने महत्वाकांक्षा पनि छ। तर गन्तव्य अझै धमिलो छ। सुशासनको भाषा छ, तर सुशासनको विधि कमजोर छ। नयाँ राजनीति भन्ने दाबी छ, व्यवहारमा पुरानै अपारदर्शिता, पहुँचको संकट, व्यक्तिकेन्द्रित निर्णय र संस्थामाथि अविश्वास देखिन्छ। लोकतन्त्रको कुरा छ, तर संसदप्रति सम्मान कम छ। मेरिटको कुरा छ, तर नियुक्तिमा त्यसको छाया कम छ।

अहिलेसम्मको हिसाबले बालेन सरकारलाई यति भन्न सकिन्छ कि सरकारसँग गति छ, तर गन्तव्य टाढै छ। उत्साह छ, तर परिपक्वता कम छ। जनताले आशा मारेका छैनन्, तर पूरै भरोसा गर्न सकिरहेका छैनन्। त्यसैले सरकारले 'एक्सन' भन्दा विधि देखाउनु पर्ने छ। 'डर' भन्दा भरोसा जगाउनु छ। 'हल्ला' भन्दा संस्थागत परिणाम देखाउनु छ।

# नेप्से परिसूचक २४ दशमलव ५७ अङ्कले बढ्यो



काठमाडौँ। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अङ्कले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार परिसूचक २४ दशमलव ५७ अङ्कले उकालो लागेर दुई हजार ६५१ दशमलव ६९ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ३३ अङ्कले बढेर लागेर ४६० दशमलव ६१ मा पुगेको छ। त्यस्तै फ्लोट सूचक एक दशमलव ७३ अङ्कले बढेर १८१ दशमलव ९६ मा पुगेको छ। यस्तै सेन्सेटिभ फ्लोट सूचक भने एक दशमलव ५७ अङ्कले बढेर एक सय ५६ पुगेको छ।

विभिन्न कम्पनीका ९५ लाख १९ हजार ४५२ कित्ता सेयर रु चार अर्ब ४० करोड सात लाख ५२ हजार ५४२ मूल्यमा खरिद बिक्री भएको छ। १३ वटै उपसमूहको सेयर बढेको छ।

नेप्सेका अनुसार कलङ्गा हाइड्रो लिमिटेड, आरबिबी फोकस ४० म्युचुअल फण्ड, सानीगढ हाइड्रोपावरका लगानीकर्ताले कमाएका छन्। त्यसैगरी आत्मनिर्भर लघुवित्त वित्तीय संस्था, सिटिजन बैंकको डिबेञ्चरका लगानीकर्ताले भने गुमाएका छन्।

# मनसुनको समयमा कस्तो खानेकुरा खाने, कस्तो नखाने ?

अन्य समयमा भन्दा वर्षातमा रोगले बढी सताउँछ। यस समयमा रुघाखोकी, झाडापखाला, टाइफाइड, फ्लुजस्ता रोगले बढी सताउने गर्दछ। यस मौसममा खानपानमा विशेष ध्यान दिई सकेसम्म ताजा खानेकुरा खानुपर्ने तथा बासी खानेकुराबाट टाढा रहनुपर्ने पोषणविद् अनुश्री आचार्य बताउँछिन्।

उनका अनुसार यतिबेला रोगप्रतिरोधात्मक क्षमता बढाउन उच्च प्रोटिन, भिटामिन र मिनरल्सयुक्त खानेकुरामा जोड दिनुपर्छ। संक्रमण, पाचन प्रणालीको कमजोरी र पानीजन्य रोगहरूको जोखिम उच्च हुने भएकाले सन्तुलित, ताजा र सुपाच्य खानपान शैली अपनाउनु पर्छ।

यस मौसममा शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउने र पेटलाई स्वस्थ राख्ने खानेकुरामा जोड दिनु आवश्यक छ।

**पानी र तरल पदार्थको सेवन**

**उमालेको पानी:**

यस मौसममा पानीका स्रोतहरू दूषित हुने सम्भावना धेरै हुन्छ। त्यसैले सधैँ राम्ररी उमालेको वा फिल्टर गरिएको पानी मात्र पिउनुपर्छ।

**झोलिलो खानेकुरा:**

तातो सुप (तरकारी वा कुखुराको मासुको रस) सेवन गर्दा पाचन प्रक्रिया राम्रो हुन्छ र शरीरले ऊर्जा पाउँछ।

**खानेकुराको छनोट र तयारी**

**ताजा र तातो खाना:**

पकाएको लामो समय भइसकेको वा बासी खाना खानु हुँदैन। सधैँ ताजा र तातो खाना मात्र खाने बानी बसाल्नु पर्छ।

**सफा तरकारी र फलफूल:**

सागपात र फलफूललाई प्रयोग गर्नुअघि नुन पानी (साल्ट वाटर) वा पोटासियम पर्मान्गानेट हालेको पानीमा राम्ररी पखाल्नु पर्छ।



**हल्का र सुपाच्य खाना:** पाचन प्रणाली कमजोर हुने भएकाले खिचडी, दलिया, र मुङको दाल जस्ता सजिलै पच्ने खानेकुरा उत्तम हुन्छन्।

**आहारमा समावेश गर्नुपर्ने कुराहरू**

**मसलाहरू:**

भान्सामा प्रयोग हुने बेसार, अदुवा, लसुन, मेथी र जिरामा एन्टिब्याक्टेरियल गुण हुन्छ। यसले संक्रमणबाट जोगाउँछ।

**मौसमी फलफूल:**

रोग प्रतिरोधात्मक क्षमता बढाउन भिटामिन सी युक्त फलफूल जस्तै- कागती, अमला, नासपाती र अम्बा खानु फाइदाजनक हुन्छ।

**एन्टिअक्सिडेन्ट युक्त खानेकुरा:**

सौँफ, ज्वानो र पुदिनाको सेवनले पेट फुल्ने वा ग्यास्ट्राइटिस (ग्यास्ट्रिक) हुने समस्या कम गर्छ।

**नखाने कुराहरू**

**सडक किनाराका खुला खाजा:**

चटपटे, पानीपुरी, र खुला राखिएका खानेकुरामा ब्याक्टेरिया र भाइरस तीव्र गतिमा फैलिने हुँदा यस्ता खानेकुरा पूर्ण रूपमा त्याग्नुपर्छ।

**काँचो सलाद र सागसब्जी:**

वर्षाको मौसममा पातदार सागसब्जी (जस्तै बन्दाकोभी, पालुङ्गो) मा कीरा र जीवाणु धेरै हुने भएकाले काँचै खानु हुँदैन। राम्ररी पकाएर मात्र खानुपर्छ।

**अत्यधिक चिल्लो र तारेको खाना:** समोसा, पकौडा जस्ता चिल्लो र गह्रौं खानेकुराले पाचन प्रक्रियालाई झन् ढिलो बनाउँछ र पेट बिगार्न सक्छ।

**सी–फूड र काँचो मासु:** यस सिजनमा पानी दूषित हुने र माछा-मासु चाँडै सड्ने भएकाले संक्रमणको खतरा बढी हुन्छ।

स्वास्थ्य खबरबाट

# बदलिए सरकार, बदलिएन विकासको प्रवृत्ति



सुरेश राय

सरकार फेरिए, विकास र सुशासनका नयाँ प्रतिबद्धता पनि आए । तर 'असारे विकास'को प्रवृत्ति भने फेरिएको छैन ।

यस वर्ष पनि सिरहामा विकास गर्ने पुरानै शैली पुनरावृत्ति भएको छ । आर्थिक वर्ष २०८२/०८३ सकिन केही दिन मात्र बाँकी रहँदा जिल्लाका विभिन्न स्थानीय तहमा रातारात सडक तथा नाला ढलान, मन्दिर तथा पोखरी सौन्दर्यीकरण जस्ता विकास निर्माणका काम भइरहेका छन् ।

यस्ता काम कुन निकायबाट भएको हो, कुनै सूचना वा जानकारी निर्माणस्थलमा राखेको पाइँदैन। अधिकांश योजनास्थलमा अनिवार्य रूपमा राखिनुपर्ने सूचनापाटी छैन । जसका कारण योजना कसको हो, कति बजेटको हो, कसले निर्माण गरिरहेको छ र काम सम्पन्न गर्ने अवधि कति हो भन्ने सामान्य जानकारीसमेत स्थानीयले पाउन सकेका छैनन् । जसका कारण विकास निर्माणको पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ ।

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको करिब २० लाख रुपैयाँ लागतमा गोलबजार नगरपालिका-११ बल्कवास्थित रेडक्रस क्षेत्रमा निर्माणाधीन १०६ मिटर सडक आरसीसी शनिबार ढलान राति करिब १२ बजे गरियो ।

स्थानीयका अनुसार रातिको समयमा हतार-हतार गरिएको ढलानमा आवश्यक रड जालीसमेत प्रयोग गरिएको छैन ।

स्थानीय शेख खानले आफ्नै घर अगाडि ढलान भइरहेको भए पनि उपभोक्ता समिति, बजेट वा योजनाबारे कुनै जानकारी नभएको बताए । वडाध्यक्षको आग्रहमा निर्माणका लागि पानी उपलब्ध गराएको भए पनि योजनासम्बन्धी विवरण आफूलाई थाहा नभएको उनको भनाइ छ ।

अर्का स्थानीय नसिम शेखका अनुसार सडकको घुमाउरो भाग केही फराकिलो बनाउन सुझाव दिएपछि त्यसअनुसार काम गरिएको भए पनि मध्यरातमा ढलान गर्नुको कारणबारे अनविज्ञता प्रकट गरे । 'दिनभर काम गर्न सकिने अवस्थामा राति किन ढलान गरियो भन्ने बुझ्न सकेका छैनौं ।'-उनले भने ।

यता, वडा नम्बर ११ का अध्यक्ष सोहेव अनवरले घुमाउँरो भागमा रड र जालीबिनाको ढलान गरिएको स्वीकार गरे । उनले फराकिलो बनाउनुपर्ने भएकाले उक्त स्थानमा मात्रै रड प्रयोग नगरिएको र अन्य भागमा भने मापदण्डअनुसार काम भइरहेको दाबी गरे ।

गोलबजार नगरपालिका-४ मा पनि आर्थिक वर्ष सकिनुअघि बजेट खर्च गर्ने हतार गरिएको भन्दै स्थानीयले आलोचना गरेका छन् । मधेश प्रदेश सरकार योजनाअन्तर्गत क्याम्पस रोडदेखि लम्बोदर दाहालको घरसम्म १२० मिटर नाला ढलानसमेत रातिको समयमा गरिएको स्थानीयको भनाइ छ ।

सोही वडाको गौतम होटलदेखि भित्री सडकमा वडास्तरीय योजनाअन्तर्गत आवश्यक कार्यादेश र प्राविधिक स्वीकृतिबिनै निर्माण भइरहेको आरोप पनि लागेको छ ।

वडाध्यक्ष सकलदेव यादवले वडाभरि सडक मर्मत-सम्भार तथा स्तरोन्नतिका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको र कोटेसनमार्फत् काम भइरहेको बताए । तर कोटेसन कसलाई दिइएको भन्ने विषयमा नगरपालिकाबाट जानकारी लिन आग्रह गरे ।

नगरपालिकाका सब इञ्जिनियर श्रीराम साहले भने उक्त सडकमा भइरहेको निर्माणबारे जानकारी पाए पनि आफूले कुनै कार्यादेश वा प्राविधिक स्वीकृति नदिएको बताए । 'कुन आधारमा काम भइरहेको हो भन्नेबारे मलाई जानकारी छैन ।'- उनले भने । यस विषयमा पुनः प्रतिक्रिया माग्दा वडाध्यक्ष यादव बोल्न चाहेनन् ।

उता, सिरहा नगरपालिका-७ मा पनि आर्थिक वर्षको अन्तिम समयमा सडक आरसीसी ढलान तथा नाला निर्माणको काम तीव्र पारिएको छ । आयुष्मान निर्माण सेवाले १ करोड ३३ लाख १७ हजार ४२८ रुपैयाँ ६७ पैसामा ठेक्का पाएको उक्त योजना २०८३ असार मसान्तसम्म सम्पन्न गर्ने सम्झौता भए पनि अन्तिम समयमा निर्माण थालिएको छ ।

लहान नगरपालिका-१ मा निर्माणाधीन पीसीसी सडक तथा नाला योजनामा पनि स्टिमेटअनुसार काम नभएको आरोप स्थानीयले लगाएका छन् । स्थानीय प्रेम साहले गुणस्तर कायम नगरिएको, प्राविधिक मापदण्ड पालना नभएको तथा बजेट दुरुपयोग हुन सक्ने भन्दै निष्पक्ष प्राविधिक अनुगमनको माग गरेका छन् ।

निर्माणस्थलमा सूचनापाटी नराख्दा शंका झन् बढाएको छ । लागत, स्रोत, निर्माण कम्पनी वा उपभोक्ता समिति, सम्झौता मिति र सम्पन्न हुने अवधि उल्लेख गरिएको बोर्ड नदेखिएकाले जनताले योजनाको आधारभूत जानकारीसमेत पाउन नसकेको गुनासो छ ।

गोलबजार नगरपालिका-८ का स्थानीय युवा शिव यादव भन्छन्-'सूचनापाटी नै नराखिएपछि कुन योजना हो, कति बजेट हो, कसले काम गरिरहेको छ भन्ने कसरी थाहा हुन्छ ? यसले सुशासनमा नै प्रश्न उठाएको छ ।'

भौतिक पूर्वाधार विकास कार्यालय, सिरहाका इन्जिनियर शेखरमणि सिंहले भने रातिको समयमा निर्माण कार्य गर्नु कुनै बाध्यता नभएको स्पष्ट पारे ।

'सबै योजनामा राति काम नगर्न हामीले निर्देशन दिएका छौं । यदि जनप्रतिनिधि वा उपभोक्ता समितिले त्यसरी काम गरेको पाइयो भने प्राविधिक नापजाँच र गुणस्तर परीक्षणपछि मात्रै भुक्तानी प्रक्रिया अघि बढ्छ । मापदण्ड पूरा नगरेका योजनाको भुक्तानी रोकिने छ ।'-उनले भने ।

हतारमा गरिने निर्माण कार्यको गुणस्तर प्रभावकारी नहुने अवकाश प्राप्त डिभिजनल इञ्जिनियर देवनाथ महतोले बताए । उनले भने-'हतारमा गरिने कामको क्वालिटी कन्ट्रोल गर्न समस्या हुन्छ । कुनै पनि निर्माण कार्यले निश्चित समयावधिको माग गर्छ । तर हतारमा गरिने कामले भौतिक प्रगति देखिएला तर त्यसको गुणस्तर भने प्रभावकारी हुँदैन ।'

उनले कर्मचारीहरूको मानसिकता नै गलत भएकोले यो अन्तिम समयमा काम हुने गरेको बताए । उनले भने-'गर्नुपर्ने काम समयमै गर्दा भइहाल्यो नि । तर कर्मचारीहरू विभिन्न बहाना बनाएर आलटाल गरिरन्छन् । अहिले अन्तिममा आएर हतार हतार काम गरिरहेका छन् । यसले राम्रो सन्देश दिइरहेको छैन ।'

हतारको बेला नियमित अनुगमन, प्राविधिक परीक्षण, सूचना सार्वजनिकीकरण गर्न पनि सक्ने अवस्था नहुने उनले बताए । यसप्रति जिम्मेवार निकायको जवाफदेहिता कडाइका साथ कार्यान्वयन गर्नुपर्ने उनको सुझाव छ ।

सिरहाका विभिन्न स्थानीय तहमा देखिएका यी घटनाले सरकार परिवर्तन भए पनि विकास निर्माण गर्ने कार्यशैली नबदलिएको सन्देश दिएका छन् । हतारमा काम, रातारात ढलान, सूचनापाटीविहीन योजना र प्रक्रियामाथि उठेका प्रश्नहरूले 'असारे विकास'को पुरानै प्रवृत्ति कायम रहेको देखिन्छ ।

# लायन्स क्लब अफ बुटवल युथको प्रथम जनरल मिटिङ सम्पन्न

बुटवल । लायन्स क्लब अफ बुटवल युथको लायन्स वर्ष २०२६/२०२७ को प्रथम जनरल मिटिङ तथा फेलोसिप कार्यक्रम मणिग्रामस्थित ड्रिमल्याण्ड गोल्ड रिसोर्टमा सम्पन्न भएको छ ।

क्लबका अध्यक्ष लायन दिपक थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन अध्यक्ष थापाले गरेका हुन् । कार्यक्रममा प्रथम उपाध्यक्ष लायन प्रदीपकुमार बि.क.ले स्वागत मन्तव्य राखेका थिए ।

मिटिङमा अध्यक्ष थापाले लायन्स वर्ष २०२६/२०२७ को वार्षिक कार्ययोजना प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष लायन कृष्णनन्द पन्तले वार्षिक बजेट प्रस्तुत गरेका थिए । बैठकमा क्लबका आगामी कार्यक्रम, सामाजिक सेवाका गतिविधि तथा संगठन सुदृढीकरणका विषयमा छलफल गरिएको क्लबले जनाएको छ ।

यस अवसरमा क्लबका संस्थापक अध्यक्ष लायन जाकिर हुसेनले लायन्स वर्ष २०२५/२०२६ मा उत्कृष्ट कार्यसम्पादन गर्ने




सदस्यहरूलाई चार्टर प्रेसिडेन्ट अवार्ड प्रदान गरी सम्मान गरेका थिए ।

औपचारिक कार्यक्रमपछि सहभागी सदस्यहरूबिच फेलोसिप कार्यक्रम सम्पन्न भएको थियो । साथै स्विमिङ तथा मनोरञ्जनात्मक गतिविधिमार्फत् सदस्यहरूबिच आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाइएको क्लबका सचिव लायन लक्ष्मण बन्जाडेले जानकारी दिए ।

# घरेलु तथा साना उद्योग महासंघमा नयाँ नेतृत्व

बुटवल । नेपाल घरेलु तथा साना उद्योग महासंघले शोभा गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

यसअघि उपाध्यक्ष रहेकी गुरुङले केन्द्रीय महिला उद्यमी समिति अध्यक्ष तथा महासंघको विभिन्न जिम्मेवारीमा काम गरिसकेकी छिन् ।

महासंघको ललितपुरमा सम्पन्न २६औं राष्ट्रिय महाधिवेशन तथा २३औं राष्ट्रिय महिला उद्यमी सम्मेलनबाट निवर्तमान अध्यक्षमा उमेशप्रसाद सिंह, वरिष्ठ उपाध्यक्षमा डम्बरप्रसाद रेग्मी तथा उपाध्यक्षहरुमा लघु उद्यमतर्फ पूर्णबहादुर भण्डारी, घरेलु उद्योगतर्फ सत्य नारायण अग्रवाल, साना उद्योगतर्फ यादव कुमार अधिकारी, अन्तराष्ट्रिय सम्बन्धतर्फ हरीहर थापा, महिलातर्फ जानकी प्रधान, वस्तुगततर्फ मोहन कटुवाल, एसोसियट्सतर्फ रामनाथ मैनाली, सहकारीतर्फ सत्य नारायण प्रजापती, कृषितर्फ चन्द्रबहादुर वुढा क्षेत्री र नविकरणीय उर्जातर्फ गुणराज ढकाल निर्वाचित भएका छन् ।

महासंघको महासचिवमा विनोद देव पन्त, कोषाध्यक्षमा वीरेन्द्र जती, सचिवमा प्रेमबहादुर डि.सी र सह कोषाध्यक्ष हेम विक्रम जि.सी रहेका छन् ।

यसैगरी कोषी प्रदेश सदस्यहरुमा गोपाल काफ्ले, शरण कुमार राई र रुपा कुमारी श्रेष्ठ तथा मधेश प्रदेश सदस्यहरुमा उमेश दाहाल, नविन कुमार यादव र पूर्ण कुमारी कार्की चयन भएका छन् ।

बागमती प्रदेश सदस्यहरुमा तारानिधि पोखरेल, रमेश ढुंगाना र पदम कुमारी कार्की तथा गण्डकी प्रदेश सदस्यहरुमा गोपी अधिकारी र विन्दु पोखरेल काफ्ले चयन भएका छन् ।

लुम्बिनी प्रदेश सदस्यहरुमा बसन्त रोक्का क्षेत्री, राम चरण वि.सी. र प्रेमकुमारी पुन तथा कर्णाली प्रदेश सदस्यहरुमा अजयबहादुर गिरी, राम कृष्ण चौलागाई र सुजता कंडेल रहेका छन् । सदुर पश्चिम प्रदेश सदस्यहरुमा भिमबहादुर कुंवर र महेश प्रसाद दाहाल रहेका छन् ।

खुल्ला सदस्यहरुमा अमृतप्रसाद सिग्देल, अष्टमान मर्हजन, अष्टमान मर्हजन, कनैयालाल कसौधन, जंगबहादुर गिरी, पवन अधिकारी, प्रदिप प्रसाद उदय, फुर्वा दोर्जे शेर्पा, बसन्तकुमार मर्हजन, बिक्रम सापकोटा, लवराजा सिंह, लक्ष्मण ग्वाछा, शिवलाल गिरी, सितम भण्डारी, सूर्यबहादुर थापा चयन भएका छन् ।



महिला सदस्यहरुमा उमा कुमारी खत्री, कमला बास्कोटा रिजाल, तुलसा कुमारी कंडेल, रुपा देवी श्रेष्ठ, लक्ष्मी घिमिरे बस्नेत, लिलाकुमारी पाण्डे, शर्मिला अधिकारी रहेका छन् । सदस्यहरु (वस्तुगत संघ) तर्फ कुमार कसजु श्रेष्ठ, ङिमा शेर्पा, ठाकुरप्रसाद न्यौपाने, राम कृष्ण श्रेष्ठ, रामहरि तोलाङ र रीता ढकाल दवाडी रहेका छन् । साथै सदस्य (एशोसियटस) तर्फ ईन्द्रबहादुर थापा क्षेत्री, खडक बोगटी, खोजराज कटुवाल, बसन्तकुमार पाण्डे, मन्दिरा मर्हजन तथा सदस्य (सहकारी) तर्फ अमृतबहादुर कार्की, कृष्णराम ग्वाछा र सदस्य (नविकरणीय उर्जा) तर्फ यबहादुर मगर, कृष्णप्रसाद ढकाल, तेज नारायण ठाकुर, प्रकाश विक्रम बस्नेत, सुलोचना खतिवडा रहेका छन् ।

यस्तै केन्द्रीय महिला उद्यमी समितितर्फ अध्यक्षमा रीता अवाल निवार्चित भएकी छिन् ।

समितिको वरिष्ठ उपाध्यक्षमा शान्ति शर्मा, उपाध्यक्ष (उद्यम व्यवसाय) शर्मिला खत्री, उपाध्यक्ष (संगठन) सोनी महतो, महासचिवमा सुलोचना श्रेष्ठ, कोषाध्यक्षमा मिना तामाङ र सचिवमा दिपा शाक्य निर्वाचित भएका हुन् ।

महिला उद्यमी समिति सदस्यहरुमा अर्चना सिलवाल कंडेल, इरा शर्मा प्रसाई, कुमारी राधिका ऐर, कृष्णा कुमारी पौड्याल, गीता सिम्खडा, पविता गिरी, प्रकृती खडका, रीता भट्टराई, विमला थापा, सुमित्रा सापकोटा, सरीता श्रेष्ठ, सुजिता दुवाल बैदार रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष गुरुङले आफ्नो चयनलाई व्यक्तिगत सफलताभन्दा पनि सम्पूर्ण उद्यमीहरूको विश्वासको रूपमा लिएको बताइन् । 'मलाई निर्विरोध रूपमा चयन गरिनुको अर्थ मेरा सहकर्मी र उद्यमी मित्रहरूले महासंघलाई नयाँ ढंगले अगाडि बढाउने जिम्मेवारी सुम्पनुभएको हो ।'- उनले भनिन् ।

नवनिर्वाचित अध्यक्ष गुरुङले महासंघको गरिमालाई उच्च बनाउँदै लघु, घरेलु तथा साना उद्योगीहरुको हक हितमा काम गर्ने बताइन् । महासंघको उपस्थितिलाई देशैभर व्यापक बनाउँदै लैजाने र लघु, घरेलु तथा साना उद्योगीहरुलाई आत्मस्वाभिमानका साथ अगाडि बढ्न सक्ने वातावरण बनाउन लागिपर्ने पनि उनले प्रतिबद्धता जाहेर गरिन् ।

यस्तै केन्द्रीय महिला उद्यमी समितितर्फ अध्यक्षमा रीता अवालले नयाँ नेतृत्व चयनसँगै टिमवर्कमा काम गर्न जरुरी रहेको भन्दै अबको कार्यकालमा प्रणालीरव्यवस्था, प्रोफाइल, उद्यमशीलता, सञ्जाल निर्माण, सुशासनमा केन्द्रित रहेर महासंघको छवि र गरिमालाई उच्च बनाउने कार्यमा लाग्ने बताइन् ।

# ऐतिहासिक सालिक पुनर्निर्माण



राँझा (बाँके) । नेपालगञ्जमा विभिन्न आन्दोलनका क्रममा तोडफोड गरी हटाइएका ऐतिहासिक सालिकहरु पुनर्निर्माण गरिएको छ ।

दोस्रो जनआन्दोलन २०६२/ ६३ देखि गत वर्ष भदौमा भएको जेनजी आन्दोलनको क्रममा तोडफोड गरेर ढालिएका विभिन्न नेताको सालिक नेपालगञ्ज उपमहानगरपालिकाको संयोजनमा पुनर्निर्माण गरिएको हो । विभिन्न आन्दोलनका क्रममा तोडफोड भएका सबै ऐतिहासिक सालिक पुनर्निर्माण गरिएको नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले बताए ।

उनका अनुसार, बीस वर्ष अघि दोस्रो जनआन्दोलन २०६२/०६३ का क्रममा तोडफोड गरिएको धम्बोझी चोकस्थित तत्कालीनराजावीरेन्द्रदेखिजेनजीआन्दोलनका क्रममा तोडफोड भएका गणेशमान, बिपी, पुष्पलाल र सहिद सेतु विकको सालिकहरु पुनर्निर्माण गरी चोकचोकमा राखिएको छ ।

सालिकसँगै चोकहरुको फाउण्डेशन पुनर्निर्माण गरिएका कारण अहिले नेपालगञ्जका चोकहरु आकर्षक देखिँदै गएको नगरप्रमुख विष्टले बताउनुभयो । केही दिनभित्रै सालिकहरुको शुभारम्भ गरिने उनको भनाइ छ ।

२०६२/०६३ को जनआन्दोलनको बेला तोडफोड भएको धम्बोझीचोकस्थित वीरेन्द्रको सालिक बीस वर्षपछि पुनःस्थापना भएको छ । राप्रपाका नेता तेजविक्रम शाहले बीस वर्षपछि सालिक पुनःस्थापना हुँदा धेरै खुसी लागेको बताए ।

फागुन २१...

भारतले वस्तुगत सहयोग गर्दा चीन र जापानले भने नगद सहयोग उपलब्ध गराएको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

भारतले वस्तुगत सहायताअन्तर्गत ६ सय ५० सवारी र बाँकी सुरक्षा सामग्री सहयोग प्राप्त गरेको छ । प्राप्त सवारीसाधनमध्ये १ सय ५० वटा ठूला सवारी (ट्रक) र बाँकी स्कर्पिओ तथा बोलेरो रहेको बताइएको छ ।

जापानले निर्वाचन प्रयोजनका लागि बजेट प्रणालीमार्फत् खर्च हुने गरी ३९ करोड रुपैयाँ र चीनले ५६ करोड रुपैयाँ सहयोग गरेको अर्थ मन्त्रालयले जनाएको छ । यो रकम सरकारलाई प्राप्त भएर अर्थ मन्त्रालयले बजेटरी प्रणालीमार्फत खर्चिएको हो ।

यस्तै, संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (यूएनडीपी)ले सरकारको अनुमतिमा निर्वाचन आयोगसँग मिलेर विभिन्न किसिमका मतदाता साक्षरता कार्यक्रममा खर्च गरेको छ । यो सहयोग सरकारलाई नगदका रूपमा प्राप्त नभई यूएनडीपीले सिधै निर्वाचन आयोगसँगको सहकार्यमा गरेको हो ।

सुस्तामा...

साथै, नागरिकता वितरणका लागि सुस्ताका घरधुरी र नागरिकताविहीन व्यक्तिको विस्तृत विवरण सङ्कलन गर्न गाउँपालिकालाई पत्राचार गरिसकिएको उनले जनाए ।

गत जेठ २९ गते भारतीय सीमा सुरक्षा बल (एसएसबी) नेपाली भूभागमा प्रवेश गेको थियो । सुस्ता बचाउ आन्दोलनका अध्यक्ष आदम खाँका अनुसार सुस्तावासीका मागबारे पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सरकारले वास्ता गरेको थिएन । पछिल्लो पटक नारायणी नदीको कटान रोक्न सुस्तामा निर्माण गर्न लागिएको १३२ मिटर लामो ग्याबियन तटबन्धमा भारतीय पक्षले अवरोध गरेको छ ।

सरकारी अभिलेखअनुसार सुस्ता क्षेत्रमा करिब ४० हजार ९८० हेक्टर नेपाली भूमि छ । तर, स्थानीयले अहिले करिब ७ हजार हेक्टर क्षेत्रफल मात्र उपभोग गर्न पाएको र बाँकी भूभाग भारतीय सुरक्षा निकायको नियन्त्रण तथा विवादको घेरामा रहेको खाँको दाबी छ ।

आफूहरूलाई तत्काल नागरिकता वितरण गर्न, भोगचलनमा रहेको जग्गाको नापजाँच गरी लालपुर्जा उपलब्ध गराउन, सीमा सुरक्षा सुदृढ बनाउन तथा शिक्षा, स्वास्थ्य, सडक र सञ्चारजस्ता आधारभूत सेवामा पहुँच सुनिश्चित गर्न सुस्तावासीले माग गर्दै आएका छन् ।

गृह मन्त्रालयले यसअघि नै सुस्ताको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै थप सुरक्षाकर्मी परिचालन गर्न र नागरिकताको कानुनी प्रक्रिया पूरा गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको छ । सीमा अतिक्रमण रोक्न, भूमि संरक्षण गर्न र नागरिकता-लालपुर्जा प्राप्तिको मागसहित ५० भन्दा बढी सुस्तावासी काठमाडौंको आन्दोलनमा सहभागी थिए ।

## एलआईसी पोलिसी वोन रेकर्ड हराएको सूचना

मेरो निम्न व्यहोरा भएको एलआइसी पोलिसी वोन रेकर्ड यही मिति २०८३ बैशाख १६ गते तम्घासदेखि वामी आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा वा सम्बन्धित नम्बरमा सम्पर्क गरिदनु हुन अनुरोध गर्दछु ।

**नामः** मया नेपाली
**ठेगानाः** गुल्मी, मुसिकोट नगरपालिका वडा नम्बर ८
**पोलिसी वोन रेकर्ड नम्बर :** २५०४१३२६७
**सम्पर्क नं. :** ९७६४६८७१५३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**व्यावसायिक कुखुरापालनः**
दाङको घोराही उप-महानगरपालिका-१० स्थित खैरीगाउँका स्थानीय डम्बरबहादुर केसीले सञ्चालन गरेको व्यावसायिक पोल्ट्री फार्ममा अण्डा उत्पादनका लागि पालिएका लेयर्स जातका कुखुरा। करिब १० वर्षअघि स्थापना गरिएको उक्त फार्ममा हाल १२ हजार लेयर्स कुखुरा रहेका छन्। फार्म सञ्चालक केसीका अनुसार फार्मबाट दैनिक करिब आठ हजार ५०० अण्डा उत्पादन हुने गरेको छ।
तस्विरः रासस

# गुल्मीको इस्मा ३ मा हाटबजार सञ्चालन हुने



गुल्मी। गुल्मी जिल्लाको इस्मा गाउँपालिका वडा नं. ३ मा आगामी असार २७ गतेदेखि हाटबजार सञ्चालन हुने भएको छ। वडा कार्यालयद्वारा जारी गरिएको सूचनाका अनुसार स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन र प्रवर्धन गर्ने उद्देश्यले यो हाटबजार सञ्चालन गर्न लागिएको हो।

हाटबजार इस्मा-३ स्थित ठाढुंगा खेल मैदानको चौरमा सञ्चालन हुनेछ। वडा सचिव त्रिविक्रम के.सी. द्वारा हस्ताक्षरित सूचनामा वडावासीहरुलाई आफ्नै घर तथा खेतबारीमा उत्पादित कृषि उपज, पशुपंक्षी, घरेलु उत्पादनलगायतका सामग्रीहरु किनबेच गर्न उपस्थितिका लागि अनुरोध गरिएको छ।

उक्त हाटबजारमा स्थानीय उत्पादनका साथै अन्य सामग्रीको पनि किनबेच हुनेछ। वडा कार्यालयले सूचनामार्फत् सम्पूर्ण वडावासी तथा छिमेकी गाउँका मानिसहरुलाई पनि हाटबजारमा सहभागी हुन र स्थानीय उत्पादनलाई सहयोग पुऱ्याउन आह्वान गरेको छ।

यस्ता हाटबजारले स्थानीयस्तरमा आर्थिक गतिविधि चलायमान बनाउन र कृषकहरुलाई उनीहरुको उत्पादनको उचित मूल्य दिलाउन मद्दत पुऱ्याउने विश्वास लिइएको छ।

# प्रधानमन्त्रीको आलोचना गरेका युट्युबर जेल चलान



बुटवल। सामाजिक सञ्जालमा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई आलोचना गरेको आरोपमा पक्राउ परेका पाँचथरका एक युवक जेल चलान भएका छन्।

फेसबुक, टिकटक, इन्स्टाग्रामसहितका सामाजिक सञ्जालमा प्रधानमन्त्री शाह र उनको परिवारलाई लक्षित गरेर अपमानजनक र अमर्यादित सामग्री पोस्ट गरेको आरोपमा पक्राउ परेका युट्युबर रोशन पोखरेल जेल चलान भएका हुन्। पाँचथर जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको प्रहरीले जनाएको छ।

प्रधानमन्त्री र उनको परिवारलाई लक्षित गरी सामाजिक सञ्जालमार्फत् गालीगलौज तथा अश्लील सामग्री प्रसारण गरेको आरोपमा गत चैत २६ गते उनी पक्राउ परेका थिए। युट्युबर पोखरेलविरुद्ध प्रहरीले साइबर अपराधको मुद्दा दायर गरेको थियो। गत चैत २६ गते पक्राउ परेका पोखरेलविरुद्ध केही दिनअघि पाँचथर जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरिएको थियो।

जिल्ला अदालत पाँचथरका न्यायाधीश कुमार मास्केको इजलासले गत असार १८ गते पोखरेलको मुद्दामा सुनुवाइ गर्दै तत्काल पुर्पक्षको लागि थुनामा पठाउने आदेश जारी गरेको अदालतका सूचना अधिकारी सरस्वती नेम्वाङले जानकारी दिइन्।

सूचना अधिकारी नेम्वाङका अनुसार 'हदेस जङ्गल' नामक फेसबुक, टिकटक र इन्स्टाग्राम आइडी प्रयोग गरी प्रधानमन्त्री र उनको परिवारको मान-सम्मान तथा प्रतिष्ठामा आँच आउने गरी विभिन्न भिडियो, स्ट्याटस र अमर्यादित शब्दहरू पोस्ट गरिएको मिसिलबाट देखिएको छ। सामाजिक सञ्जालमा देखिएका तिनै विवादित सामग्री र भिडियोहरूलाई पुष्टि गर्दै पोखरेलले अदालतमा बयान दिएका थिए। प्रहरीले पोखरेलको साथबाट घटनामा प्रयोग भएको मोबाइल फोन, सिम कार्ड, पिन कार्ड र पेन ड्राइभ समेत बरामद गरी अदालतमा पेस गरेको थियो।

अदालत स्रोतका अनुसार, बयानका क्रममा पोखरेलले आफूले कसैलाई मनसायपूर्वक हानि-नोक्सानी पुऱ्याउने उद्देश्यले नभई सामाजिक सञ्जालमा लाइक, कमेन्ट र भ्युज बढाउनका लागि मात्र त्यस्ता भिडियो र स्ट्याटसहरू सेयर गरेको स्वीकार गरेका छन्।

यद्यपि, बरामद भएका डिजिटल प्रमाण, सामाजिक सञ्जालका सामग्री र घटना विवरण कागज गर्ने व्यक्तिहरूको भनाइका आधारमा पोखरेललाई हालकै अवस्थामा निर्दोष रहेछन् भनी भन्न नसकिने ठहर अदालतले गरेको छ।

सोही प्राप्त प्रमाणहरूलाई मुख्य आधार मान्दै अदालतले अभियुक्तलाई थुनामा राखेरै मुद्दाको थप कानुनी प्रक्रिया अघि बढाउन असार १८ गते नै कारागार चलान गर्ने आदेश दिएको सूचना अधिकारी नेम्वाङले जानकारी दिइन्।

# ३ वर्षभित्र एडीबीको सहयोग साढे ३ खर्ब पुग्ने



बुटवल। नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना तथा लगानी प्रवर्द्धनका लागि आगामी ३ वर्षभित्र एसियाली विकास बैंक (एडीबीले)ले गर्ने सहयोग साढे ३ खर्ब रुपैयाँ पुऱ्याउने भएको छ।

प्रधानमन्त्री बालेनसँगको भेटलगत्तै एडीबी अध्यक्ष मासातो कान्दाले सन् २०२९ सम्म थप २.४ अर्ब अमेरिकी डलर सहयोग उपलब्ध गराउने बताएका हुन्।

अध्यक्ष कान्दाले सामाजिक सञ्जालमार्फत् उक्त जानकारी दिएका हुन्। कान्दाले प्रधानमन्त्रीलाई प्राप्त भएको बलियो जनादेशका लागि बधाई दिँदै नेपालको विकास र आर्थिक सुधारका कार्यक्रमलाई बैंकको पूर्ण साथ रहने बताएका छन्।

उनले नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र लगानी विस्तारका लागि सरकारले अघि सारेका महत्वाकांक्षी सुधार कार्यक्रमलाई एडीबीले प्राथमिकताका साथ सहयोग गर्ने उल्लेख गरेका छन्। साथै, एडीबीले नेपालका लागि सबैभन्दा ठूलो विकास साझेदारका रूपमा थप सक्रिय हुने उनको भनाइ छ।

उक्त सहयोगले सरकारको विकास दृष्टिलाई व्यवहारमा उतार्न तथा आर्थिक वृद्धि, पूर्वाधार विकास र जनताको जीवनस्तर सुधारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

एडीबीले नेपालसँग ६ दशक लामो सहकार्य भएको भन्दै उनले खुशी व्यक्त गरेका थिए। यस अवधिमा सुरक्षित विद्यालय निर्माण, स्वच्छ ऊर्जा विकास, पूर्वाधार विस्तार तथा नागरिकका लागि अवसर सिर्जनालगायतका क्षेत्रमा उल्लेखनीय योगदान दिएको कान्दाले उल्लेख गरेका छन्।

अध्यक्ष कान्दाले आगामी दिनमा पनि प्रधानमन्त्री तथा नेपाल सरकारसँग नजिकबाट सहकार्य गर्दै नेपाली जनताका लागि ठोस, दिगो र परिणाममुखी विकास उपलब्धि हासिल गर्न प्रतिबद्ध रहेको बताएका छन्।

उनी आइतबार राति नेपाल आएका थिए। नेपालमा उनले अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र परराष्ट्रमन्त्री शिशिर खनालसँग समेत भेटवार्ता गरिसकेका छन्।

# प्रयोगशाला चलाउन प्राधिकरण र निर्माण व्यवसायीबिच सम्झौता



बुटवल। लुम्बिनी प्रदेशमा निर्माण सामग्रीको गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरण र निर्माण व्यवसायी महासंघ, लुम्बिनी प्रदेशबीच सम्झौता भएको छ। दुबै संस्थाको साझेदारीमा निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गर्न सोमबार समझदारीपत्रमा हस्ताक्षर भएको हो।

प्रदेश राजधानी राप्ती उपत्यका देउखुरीमा मंगलबार सम्पन्न कार्यक्रममा प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत इञ्जिनियर छबिराज पोखरेल र निर्माण व्यवसायी महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष बलिभद्र रानाले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्।

समझदारीपत्रअनुसार प्रदेशभित्र सञ्चालन हुने पूर्वाधार विकास आयोजनाका लागि आवश्यक निर्माण सामग्रीको स्रोत पहिचान, गुणस्तर परीक्षण, उत्खनन्, व्यवस्थापन तथा बिक्री वितरणलाई वैज्ञानिक, व्यवस्थित र व्यावसायिक बनाउने उद्देश्य राखिएको छ। यसका लागि सार्वजनिक निजी साझेदारी पीपीपी मोडलमा कम्पनी स्थापना गरी निर्माण सामग्री गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गरिनेछ।

सम्झौताअनुसार स्थापना हुने कम्पनीले निर्माण सामग्रीको स्रोत पहिचान गर्ने, प्रयोगशालामार्फत् गुणस्तर परीक्षण गर्ने, उत्खनन् तथा व्यवस्थापनलाई व्यवस्थित गर्ने र निर्माण सामग्रीको बजारीकरणमा सहजीकरण गर्नेछ। यसबाट प्रदेशभित्र सञ्चालन हुने विकास आयोजनामा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। प्रदेश सरकारको नेतृत्वअन्तरगत प्राधिकरणमार्फत् सञ्चालन हुने यो प्रयोगशालालाई नेपाल सरकारले समेत मान्यता दिएको छ।

सम्झौताबमोजिम प्रदेश पूर्वाधार विकास प्राधिकरणले निर्माण सामग्रीका स्रोतहरूको अध्ययन तथा पहिचान गर्ने, गुणस्तर परीक्षणको व्यवस्था मिलाउने, उत्खनन्का लागि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाउन प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय गर्ने, कम्पनी दर्ताको प्रक्रिया पूरा गर्ने तथा प्रयोगशाला स्थापनाका लागि आवश्यक जग्गा व्यवस्थापनमा पहल गर्नेछ। कम्पनी स्थापनाका लागि आवश्यक लगानीमध्ये ६७ प्रतिशत प्राधिकरणले व्यहोर्नेछ।

त्यसैगरी निर्माण व्यवसायी महासंघ, लुम्बिनी प्रदेशले कम्पनी स्थापनामा आवश्यक सहकार्य गर्ने, कुल लगानीको ३३ प्रतिशत रकमको व्यवस्था गर्ने, निर्माण सामग्रीको उत्खनन्, व्यवस्थापन र बिक्री वितरणमा सहजीकरण गर्ने तथा प्रदेश, जिल्ला र स्थानीय तहका निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण प्रयोगशालाको सेवा उपयोग गर्न प्रोत्साहित गर्नेछ। साथै कम्पनीमार्फत् व्यवस्थापन गरिएका निर्माण सामग्रीको बजारीकरणमा समेत महासंघले सहजीकरण गर्नेछ। प्रदेश सरकारले यस सहकार्यबाट निर्माण सामग्रीको गुणस्तर परीक्षणलाई प्रभावकारी बनाउँदै पूर्वाधार निर्माणको गुणस्तर अभिवृद्धि हुने अपेक्षा गरेको छ।

# एलएलबीमा चर्को शुल्क वृद्धिप्रति आपत्ति

बुटवल। नेकपानिकट अखिल क्रान्तिकारीले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आंगिक क्याम्पसहरूमा ३ वर्षे एलएलबी कार्यक्रमको नाममा गरिएको मनपरी तथा चर्को शुल्क वृद्धिप्रति आपत्ति जनाएको छ।

अध्यक्ष विजय प्रकाश सापकोटाले विज्ञप्ति जारी गर्दै त्रिविका आंगिक क्याम्पसमा गरिएको शुल्क वृद्धिको विरोध गरेका हुन्।

विज्ञप्तिमा भनिएको छ-'एउटै विश्वविद्यालयअन्तर्गत एउटै कार्यक्रमका लागि फरक-फरक र अस्वाभाविक शुल्क निर्धारण गरिनु शिक्षा क्षेत्रमा मौलाएको बेथिति मात्र होइन, यो विद्यार्थीमाथि थोपरिएको खुला आर्थिक शोषण र लुटको प्रतिनिधि उदाहरण हो। नेपाली जनता बेरोजगारी, महँगी र आर्थिक सङ्कटको चपेटामा पिल्सिरहेका बेला सरकार आफ्नो संवैधानिक दायित्वबाट पन्छिँदै शिक्षा क्षेत्रलाई बजार र नाफाको माध्यम बनाउने दिशामा उन्मुख देखिएको छ।'

विद्यार्थीको भविष्यलाई व्यापारको वस्तु बनाउने र जनताको छोराछोरीमाथि आर्थिक भार थोपर्ने जनविरोधी तथा विद्यार्थी विरोधी नीतिहरू कुनै पनि हालतमा स्वीकार्य हुन नसक्ने विज्ञप्तिमा उल्लेख छ।

त्रिभुवन विश्वविद्यालय प्रशासन तथा सरकारलाई मनपरी शुल्क वृद्धि तत्काल फिर्ता लिन, शिक्षा क्षेत्रमाथिको व्यापारीकरण अन्त्य गर्न र विद्यार्थीमैत्री नीति लागू गर्न माग गरेको छ। विद्यार्थीहरूको न्यायोचित आवाजलाई बेवास्ता गरिएमा देशव्यापी चरणबद्ध सशक्त सङ्घर्षका कार्यक्रम अगाडि बढाउने चेतावनी समेत दिएको छ।

# सात जिल्लामा बर्ड फ्लू नियन्त्रण

बुटवल। देशका विभिन्न ११ जिल्लामा फैलिएको घातक पन्छी रोग 'बर्डफ्लु' सात वटा जिल्लामा पूर्णरूपमा नियन्त्रणमा आएको छ।

पशुसेवा विभागका अनुसार झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा संक्रमण नियन्त्रणमा आएको हो। यद्यपि, उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकमा भने यो रोग अझै पूर्ण नियन्त्रणमा आउन सकेको छैन। विभागले यी चार जिल्लालाई अझै पनि निगरानीमा राखेको छ।

रोग नियन्त्रणका लागि विभागले प्रभावित क्षेत्रमा विशेष प्राविधिक टोली परिचालन गरेको थियो। उक्त टोलीले सङ्क्रमित क्षेत्रका पन्छी, अण्डा, दाना तथा पन्छीजन्य अन्य सामग्रीहरू नष्ट गरी सुरक्षित व्यवस्थापन गरेको विभागका प्रवक्ता डा. मुकुल उपाध्यायले जानकारी दिए। सङ्क्रमण फैलिन नदिन पशु क्वारेन्टाइन कार्यालयहरूले सीमा नाका र अन्य क्षेत्रमा उच्च सतर्कता अपनाउँदै अवैध रूपमा ओसारपसार गरिएका पन्छीहरू समेत बरामद गरी नष्ट गरेको थियो।

हाल केही जिल्लामा अवस्था सामान्य बन्दै गएपछि पन्छीको ओसारपसारमा गरिएको कडाइलाई केही खुकुलो बनाइएको विभागले जनाएको छ।

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
(प्रशासन शाखा)

**सिफारिस सम्बन्धमा।**

मितिः २०८३/०३/२३
ने.सं. ११४६

**श्री जो जससँग सम्बन्ध छ।**

जिल्ला रूपन्देही कञ्चन गाउँपालिका वडा नं. ०४ बस्ने पुर्ण बहादुर रानाले आफु भारतीय भू. पु. सैनिक नं. 14700804X रेङ्क NK (TS) रेजिमेन्ट 6/8 GR को पेन्सनर रहेकोमा निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पुर्ण बहादुर राना र जन्म मिति वि. सं. २०११।०३।०६ (ई. सं. १९५४।०६।२०) उल्लेख भएको र पेन्सन अभिलेखमा निजको नामथर पुरन राना र जन्म मिति ई. सं. १९६०।०१।११ उल्लेख भएको साथै निजको पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पुर्ण कला राना र जन्म मिति वि. सं. २०१३।०३।०९ (ई.सं. १९५६।०६।२२) र पेन्सन अभिलेखमा पत्नीको नामथर पुरन कुमारी राना र जन्म मिति ई. सं. १९५५।०१।०१ उल्लेख भई पेन्सनर र निजको पत्नीको नामथर र जन्म मिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित कञ्चन गाउँपालिका ०४ नं. वडा कार्यालयको च. नं. ३११३ मिति २०८३।०३।१८ को सिफारिस पत्र र यस कार्यालयको च. नं. ६०७ मिति २०६४।०९।२० को व्यक्ति प्रमाणित पत्रबाट समेत लेखि आएकोले सोहि व्यहोरा पेन्सन प्रयोजनका लागि सिफारिस गरिएको छ।



प्रमुख जिल्ला अधिकारी

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com